बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क. प्र./२०८१/०८२

चलानी नं. :- १६६९

मिति:२०८१/१०/०२

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री मन्त्रालय/निकाय, (सबै)
बागमती प्रदेश, हेटौंडा।

मिति २०८१ साल पुस २५ गते बिहीबार बसेको बागमती प्रदेश सरकारका सचिवज्यूहरुको बैठकको निर्णय जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको बेहोरा आदेशअनुसार अनुरोध छ।

.........................
(रविनजंग कार्की)
अधिकृत सातौं

सादर अवगतार्थः

१. मा. मुख्यमन्त्रीज्यूको निजी सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।
२. श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

बोधार्थ/कार्यार्थः

१. श्री सूचना तथा सञ्चार समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।

# मिति २०८१/०९/२५ गते बिहीबार बसेको सचिव बैठकको निर्णयहरु:

१. मिति २०८१/०९/०९ गतेको समीक्षा बैठक तथा विभिन्न सचिव बैठकका निर्णयहरू तदारुकताका साथ कार्यान्वयन गर्ने। प्रत्येक मन्त्रालय/निकायले GIOMS कार्यवयनमा तदारुकता ल्याउने।

२. सबै मन्त्रालय/निकायहरूले गुनासो सुनुवाईको लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने। QR Code समेतको प्रचलनलाई अभ्यासमा ल्याउनका लागि आवश्यक कार्य गरी गराई प्रभावकारी सेवा प्रवाह गर्ने गराउने, सेवाग्राहीहरूबाट प्राप्त हुने समस्या/गुनासोको सुनुवाई गर्ने व्यवस्था मिलाउने।

३. तोकिएका मन्त्रालय/निकायहरूले प्रस्तावित प्रदेश समन्वय परिषदको बैठकको लागि तोकिएबमोजिमका विषयगत कार्यपत्रहरू तयार पार्ने तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

४. प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायहरूको काम कारवाहीबीच सामञ्जश्यता कायम हुने गरी बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा आवश्यक सुधार गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १ महिनाको समयावधिभित्र प्रतिवेदन गर्ने गरी तथा समितिले आफ्नो कार्यशर्त आफै बनाउने गरी देहायबमोजिमको समिति गठन गर्ने।

देहाय:

क. प्रदेश सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संयोजक,

ख. प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, सदस्य,

ग. प्रदेश सचिव, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, सदस्य,

घ. प्रदेश सचिव, वन तथा वातावरण मन्त्रालय, सदस्य,

ङ. प्रदेश सचिव, संस्कृति तथा पर्यटन मन्त्रालय, सदस्य,

च. कार्यालय प्रमुख, प्रदेश लेखा नियन्त्रकको कार्यालय, सदस्य।

२०८१/९/२५

## मिति २०८१/०९/२५ गते बिहीबार बसेको सचिव बैठकको निर्णयहरु:

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने कर्मचारी विवरणको तोकिएको ढाँचाबमोजिम प्रत्येक मन्त्रालय/निकायहरूले आफ्नो मन्त्रालय/निकाय र मातहतको कार्यालयमा रहेको कर्मचारीहरूको दरवन्दीको विवरण तोकिएकै समयमा उपलब्ध गराउने ।

६. प्रत्येक मन्त्रालय/निकाय/कार्यालयले सङ्घ, प्रदेश र अन्य निकायबाट माग हुने विवरण, जानकारी समयमै उपलब्ध गराउने।

७. यस अघिको बैठकमा सहमति भएअनुसार विपद कोषमा योगदान उपलब्ध नगराएका मन्त्रालय/निकायहरूले यथाशीघ्र आफ्नो मन्त्रालय/निकायबाट कोषमा गर्नुपर्ने योगदानबापतको रकम उपलब्ध गराउने।

२०८१।९।२५